# मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खनदह, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :०८२/०८३
चलानी नम्बर :

मिति: २०८२/०६/२६

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

प्रस्तुत विषयमा यस मालारानी गाउँपालिका, अर्घाखाँचीको लागि देहायका पद, तह र संख्यामा कर्मचारीहरुको करार सेवाबाट पदपूर्ति गर्नुपर्ने भएकोले देहायको योग्यता पुगेका ईच्छुक नेपाली नागरीकले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र माग भए बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित कार्यालय समयभित्र गाउँकार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ। कागजातहरु संलग्न नभई पेश हुन आएको दरखास्त उपर कुनै कारवाही हुने छैन।

| क.सं. | विज्ञापन नं. | पद/तह | माग संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | ०३।०८२-०८३ | मनोसामाजिक परामर्शकर्ता, पाँचौ | १ (एक) | पुन: विज्ञापन |
| २ | ०४।०८२/०८३ | पशु चिकित्सक, छैठौ | १ (एक) | पुन: विज्ञापन |
| ३ | ०५।०८२-०८३ | जनस्वास्थ्य अधिकृत, सातौं | १ (एक) | |
| ४ | ०६।०८२-०८३ | असिस्टेन्ट सब-ईन्जिनियर, चौथो | २ (दुई) | |
| ५ | ०७।०८२-०८३ | हलुका सवारी चालक | १ (एक) | |

### योग्यता:

- नेपाली नागरीक हुनु पर्ने।
- **मनोसामाजिक परामर्शकर्ता पदको हकमा:**
  - मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ/नर्सिङ/मनोविज्ञान /समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह, वा स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उतीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको।
  - मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण-पत्र भएको र सोही क्षेत्रमा कामगरेको अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईनेछ।
  - प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको।
  - कम्प्यूटर सम्बन्धी आधारभुत ज्ञान भएको, Word, excel, PowerPoint मा दिईएको प्रश्नको उत्तर नेपाली वा अंग्रेजी भाषामा उल्लेख गर्नु पर्ने छ।
  - नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्न सक्ने।

  **SaMi कार्यक्रम अन्तर्गत कार्यरत मनोसामाजिक परामर्शकर्ताको सन्दर्भमा:**
  - कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उत्तिर्ण गरी राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रबाट मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी सो केन्द्रबाट प्रमाण पत्र प्राप्त गरेको र केन्द्रको तालीम सूचना व्यवस्थापन प्रणालीमा सूचिकृत भएको।
  - **कार्य अवधि**: हाललाई २०८३ असार मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन/मुल्यांकनका आधारमा नवीकरण हुन सक्नेछ।
  - **उमेर**: दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको
  - **आवेदन दस्तुर**: रु. ८००।- (अक्षेरपी आठ सय मात्र)
  - परिक्षाको किसिम**:** लिखित, प्रयोगात्मक र अन्तर्वार्ता
  - **पाठ्यक्रम**: सुरक्षित आप्रवासन (सामी) कार्यक्रमको कर्मचारी छनोट पाठ्यक्रम ढाँचा, २०८१ बमोजिम हुनेछ (मालारानी गाउँपालिकाको website: www.malaranimun.gov.np बाट डाउनलोड गरी हेर्न सक्नुहुनेछ)।

२०८२/०६/२६
गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

पत्र संख्या : ०८२/०८३
चलानी नम्बर :

- **पशु चिकित्सकको हकमा :**
  - मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु चिकित्सा विषयमा स्नातक तह (B.V.Sc. & A.H/B.V.Sc) वा सो सरह उत्तिर्ण गरेको र नेपाल पशु चिकित्सा परिषद् दर्ता भएको।
  - दरखास्त दिने अन्तिम मितिसम्म पुरुषको हकमा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने र महिलाको हकमा २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको।
  - आवेदन दस्तुर रु. १२००।
  - परिक्षाको किसिम: लिखित र अन्तर्वार्ता
- **जनस्वास्थ्य अधिकृतको हकमा:**
  - मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा कम्तिमा स्नातक तहको योग्यता हासिल गरी नेपाल स्वास्थ्य व्यवसायी परिषद् दर्ता भएको।
  - पाठ्यक्रम: लोकसेवा आयोगले निर्धारण गरेको पाठ्यक्रम बमोजिम हुनेछ।
  - दरखास्त दिने अन्तिम मितिसम्म पुरुषको हकमा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने र महिलाको हकमा २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको।
  - आवेदन दस्तुर रु. १२००।
  - परिक्षाको किसिम: लिखित र अन्तरवार्ता।
- **असिस्टेन्ट सब-ईन्जनिनयरको लागि:**
  - दरखास्त दिने अन्तिम मितिसम्म पुरुषको हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने र महिलाको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।
  - मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC/SEE उत्तिर्ण गरी सम्बन्धित विषयमा तालिम प्राप्त वा प्राविधिक शिक्षालयबाट सम्बन्धित विषयमा TSLC उत्तिर्ण।
  - आवेदन दस्तुर रु. ५००।
  - छनोटको किसिम: लिखित र अन्तरवार्ता।
  - लुम्विनी प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गत ईन्जिनियरिङ्ग सेवा, सभिल समूह, चौथो तह असिस्टेन्ट सब-ईन्जनिनयर पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम।
- **हलुका सवारी चालकको लागि:**
  - SLC/SEE उत्तीर्ण।
  - सवारी चालक अनुमति पत्र भएको।
  - २१ वर्ष पूरा भई ४५ बर्ष ननाघेको।
  - अनुभवीलाई ग्राहयता दिईनेछ।
  - **छनौट प्रक्रिया:** प्रयोगात्मक र अन्तर्रवार्ता।
  - **आवेदन दस्तुर:** ३००।-
- यस सूचनामा उल्लेखित सर्तहरु यसै बमोजिम र सूचनामा उल्लेख हुन छुट भएका विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ।
- **आवश्यक कागजातहरु:-** नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साईजको फोटो ३(तिन) प्रति आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई निवेदन सहित गाउँपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ।प्रमाणपत्रहरु आवेदक स्वयमले प्रमाणित गरी पेश गर्नुपर्ने छ। रितपूर्वक पेश नभएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।
- दरखास्त दिने स्थान: मालारानी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, खनदह, अर्घाखाँची।
- सेवा सुविधा:- प्रचलित कानून बमोजिम वा करार सम्झौतामा उल्लेख गरे बमोजिम हुनेछ।
- **दरखास्त दिने अन्तिम मिति :** २०८२/०७।०९ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ।
- थप जानकारीको लागी सम्पर्क नं. ९८५७०६६४३२
- सम्पर्क मिति: २०८२/०७/१२

२०८२/०७/१२

गोविन्द भट्टराई
पदपूर्ति समिति संयोजक